प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्

# स्तर निर्धारण तथा सम्बन्धन महाशाखा

सानोठिमी, भक्तपुर ।

## छोटो अवधिका तालीम कार्यक्रम सम्बन्धन/स्वीकृति सम्बन्धी सूचना ।

(सातौं पटक प्रकाशित मितिः २०७९।०९।११)

परिषद्बाट सम्बन्धन/स्वीकृति लिई छोटो अवधिका तालीम कार्यक्रम सञ्चालन गर्न इच्छुक संघ/संस्थाहरुलाई यस महाशाखाका मिति **२०७८/०६/२०, मिति २०७८/०७/१७, ०७८|९|१४ र २०७९|६|२५** गते प्रकाशित सूचना अनुसार छोटो अवधिका तालीम कार्यक्रमहरूको सम्बन्धन/स्वीकृतिको लागि परिषद् **परिषद् लुम्बिनी प्रदेश कार्यालय, परिषद् कर्णाली प्रदेश कार्यालयमा** प्रस्तावना पेश गरी सम्बन्धन/स्वीकृतिको प्रकृया पूरा गरी सम्बन्धन/स्वीकृतिको लागि तपसिल बमोजिमका मितिमा निर्णय भएका संस्थाहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित) को परिच्छेद ५ नियम २० अनूसार धरौटी शुल्क बापत रु.२५,०००/- राष्ट्रिय वाणिज्य बैंक सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको धरौटी खाता नं. १७३०१००००००३००६ मा जम्मा गर्न हुन र यस अगावै सम्बन्धन लिई नियमानुसार धरौटी शुल्क जम्मा भैसकेको अवस्थामा सोही धरौटी शुल्क जम्मा गरेको विलको प्रतिलिपि सहित, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन सहित) विनियम १३६ उप विनियम (१) को अनुसूची २१ बमोजिम सम्बन्धन शुल्क रु. ५,०००/- र प्रति थप कार्यक्रम रु २०००/- राष्ट्रिय वाणिज्य बैंक सानोठिमी शाखामा परिषद् कार्यालयको नाममा रहेको चल्ती हिसाब नं. १७३०१०००००००९००६ मा जम्मा गरी सम्बन्धन स्वीकृति भएका तालिम प्रदायक संस्थाको लेटर प्याडमा नियमानुसार शुल्क जम्मा गरेको विवरण खुलाई **"सम्बन्धन पत्र पाउँ भन्ने बारे"** विषय राखी लेखिएको निवेदन, सक्कल बैंक भौचर र प्रतिबद्धता पत्र (विस्तृत विवरण सूचनासाथ समावेश गरिएको) सहित परिषद् कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : सम्बन्धन पत्र लिन आउँदा, कम्पनी दर्ताको प्रमाणपत्र, गत आ. व. को कम्पनी अद्यावधिक र कर चुक्ता, कम्पनी विधान/कम्पनीको प्रबन्ध पत्र र नियमावली अनिवार्य रूपमा ल्याउनु पर्ने छ । सम्बन्धन स्वीकृतीको प्रकृयामा रहेका अन्य संस्थाहरूको विवरण क्रमशः प्रकाशित गरिने छ ।

**तपसिल**

| परिषद् प्रदेश कार्यालय | परिषद् कार्यालयको निर्णय मिति |
|---|---|
| लुम्बिनी प्रदेश कार्यालय, बुटवल | २०७९।०९।०८ |
| कर्णाली प्रदेश कार्यालय, सुर्खेत | |

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण महाशाखा**
**सानोठिमी भक्तपुर**